




**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
**गुलरिया, बर्दिया**

पत्र संख्या: ०७७/०७८
सुचना नं.: ०७

मिति: २०७७/०८/१६

**प्रस्ताव आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति: २०७७/०८/१६**

यस एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दियाको आ.व. २०७७/७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा संचालन गर्नुपर्ने तपसिल बमोजिमका कार्यक्रमहरुको सम्बन्धित कार्यविधि अनुसारका शर्तहरु पालना गरि कार्यान्वयन गर्नका लागि ईच्छुक बर्दिया जिल्लाका योग्य आवेदकले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०७७।०८।३०गतेभित्र) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ।प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाचा, प्रस्तावको ढाचा, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डका लागी कार्यालयको सूचनापाटी वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवलको बेभसाईट molmac.p5.gov.np बाट सम्बन्धित कार्यविधिहरु डाउनलोड गरि प्राप्त गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गरिन्छ।

**तपसिल**

| सि.नं. | कार्यक्रम | कुल बजेट रु लाखमा | अनुदानको सिमा | न्यूनतम मापदण्ड तथा क्रियाकलाप | आवश्यक कागजातहरु | आवेदकको किसिम |
|---|---|---|---|---|---|---|
| १ | सघन वाली विकास कार्यक्रम | ५० | कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर बढिमा रु १ लाख | • कम्तिमा २० हे क्षेत्रफल एकै क्लष्टरमा हुनुपर्ने। चैते धान बसन्ते मकै हुने स्थानलाई प्रथामिकता दिईनेछ।<br>• एक सिजनमा एक वालीको क्षेत्रफल कम्तिमा ५ हेक्टर हुनुपर्नेछ।<br>• कार्यविधि अनुसारका क्रियाकलापहरु<br>• विभिन्न सिंचाई प्रणालीका प्रभाव क्षेत्रभित्रका कृषक, कृषक समूह,कृषि सहकारी, समिति, नीजि फर्म, उद्यमी तथा कम्पनी | जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधि,२०७७को अनुसुची-२ बमोजिमको कागजातहरु र अनुसुची ३ बमोजिमको प्रस्ताव | बबई सिंचाई आयोजना<br>बुढिकुलो सिंचाई<br>टपरा सिंचाई<br>मनाउ सिंचाई<br>खैरीचन्दनपुर सिंचाई<br>कोथार्निया लगनिया सि.यो.<br>सुर्यपटुवा सि.यो.<br>मोहनपुरभुडकैयामडेला सि.यो.<br>गिठेनालासि.यो.<br>रेहु अस्नेरीसि.यो.<br>सरुवा कुलोसि.यो.<br>घट्टेखोलासि.यो.<br>अन्य सिंचाई योजनारप्रणाली |
| २ | पोषण सुधारका लागी ग्रामिण कुखुरापालन कार्यक्रम | १० | कुल लागतको ८० प्रतिशतवा बढिमा रु ५ लाख | • लुम्बिनी प्रदेश, मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम लागू भएका स्थानीय तहको समन्वयमा सिमान्तकृत (दलित, महिला, मुक्तकमैया लगायत) समुदायलाई प्राथमिकता दिईने। वडामा कम्तिमा १० जना कृषकहरुको ३ समुह मार्फत कार्यक्रम कार्यान्वयन हुने। | पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७६को अनुसुची-२ बमोजिमको ढाचामा निवेदन र अनुसुची ३ बमोजिमका कागजातहरु | कृषक समूह |
| ३ | मत्स्य बिज ह्याचरी निर्माणरसुधार | ६ | कुल लागतको ५० प्रतिशत वा बढिमा रु ५ लाख | • कार्यक्रमको शतप्रतिशत रकम भौतिक पुर्वाधार(ईन्कुवेशन,स्पनिङ्ग,ओभर हेड, कन्डिसनिङ्ग टैंक, पानी आपुर्तिका लागी पाईपलाईन तथा सेड निर्माण सुधारमा खर्च गर्नुपर्नेछ । | पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन विधि, २०७७को अनुसुची-२९ बमोजिमको ढाचामा निवेदन, संलग्न कागजातहरु र अनुसुची४१ बमोजिमको कार्ययोजना | कृषक, कृषक समूह, कृषि सहकारी, नीजि फर्म |
| ४ | रैथाने वालीहरुको बजार प्रबर्द्धन कार्यक्रम (दोस्रो पटक प्रकाशित सुचना) | ३ | कुल लागतको ५० प्रतिशत वा बढिमा रु ३ लाख | • जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधि,२०७७ अनुसारका क्रियाकलापहरु | जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधि,२०७७को अनुसुची-२ बमोजिमको कागजातहरु र अनुसुची ३ बमोजिमको प्रस्ताव | कृषक, कृषक समूह,कृषि सहकारी, समिति, नीजि फर्म, उद्यमी तथा कम्पनी |
| ५ | सामाजिक परिचालनका लागी संघ सस्थासंगको सहकार्यमा कार्यक्रम संचालन | ६ | कुल लागतको ५० %वा बढिमा रु ६ लाख | • कृषि विकास तथा सामाजिक परिचालनको क्षेत्रमा ३ बर्ष अनुभव भएको गैर सरकारी वा सामाजिक सस्था मार्फत कृषि विकास कार्यक्रम संचालनमा सहयोग पुर्याउनुपर्ने।<br>• हेल्प डेस्कमा सहायक स्तरको कर्मचारीरजनशक्ति व्यवस्थापन गरी सहयोग गर्ने।<br>• समूदायमा सुचना प्रवाह र सचेतना फैलाउन सहयोग गर्ने। | जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधि,२०७७को अनुसुची-२ बमोजिमको कागजातहरु र अनुसुची ३ बमोजिमको प्रस्ताव | कानुन बमोजिम दर्ता भएका गैर सरकारी वा सामाजिक संस्था |
| ६ | सामूदायिक बीउ बैंक रभण्डार गृह र नश्ल संरक्षण केन्द्र स्थापना (५०% अनुदान) | १० | कुल लागतको ५०% वा बढिमा रु ३ लाख | • बार्षिक न्युनतम १० मे टन खाधान्न वालीको प्रमाणित बीउ उत्पादन गरेको हुनुपर्ने।<br>•पुर्वाधार निर्माणको लागी कम्तिमा ३ कट्ठा जमिन आफ्नो स्वामित्वमा हुनुपर्ने।<br>•खाद्यान्न बीउ प्रशोधनका लागी औजार उपकरण, गोदाम घर थ्रेसिङ्ग फ्लोर निर्माण तथा अन्य पूंजीगत सुधार | जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधि,२०७७को अनुसुची-२ बमोजिमको कागजातहरु र अनुसुची ३ बमोजिमको प्रस्ताव | कानुन बमोजिक दर्ता भएका कृषक समूह तथा कृषि सहकारीहरु |
| ७ | बाखाको मल्टिप्लायर हर्ड र ब्रिडर हर्ड | ८ | कुल लागतको ५०% वा बढिमा रु ४ लाख | • मल्टिप्लायर हर्डकालागी कम्तीमा ५०० र ब्रिडर हर्डका लागी कम्तीमा १००० माउ बाखा भएको हुनुपर्ने।<br>• संचालन विधिमा उल्लेखित क्रियाकलापहरु | बाखाको ब्रिडर र मल्टिप्लायर हर्ड संचालन विधि २०७६अनुसार | कृषक समूह,कृषि सहकारी, समिति, नीजि फर्मरउद्यमी,कम्पनी |